याङवरक गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

(आर्थिक विकास शाखा)

कृषि ईकाइ

थर्पु,पाँचथर

कोशी प्रदेश, नेपाल

सूचना नं : ७३

मिति :२०८०/१२/२५

ने.स. ११४४ चिल्लागा १४ आइतबार

## विषय : माटो परीक्षण शिविर सम्बन्धी सूचना ।

प्रस्तुत विषयमा, यस याङवरक गाउँपालिका आर्थिक विकास शाखा कृषि ईकाइ तथा कृषि ज्ञान केन्द्र, पाँचथरको आयोजनामा देहायको मिति,स्थान र समयमा माटो परीक्षण शिविर संचालन गरिने भएको हुदाँ माटो परीक्षणको लागि माटोको नमुना कृषि विकास शाखामा दर्ता गराउन बाँकी गाउँपालिका भित्रका सम्बन्धित कृषक समूह,कृषि सहकारी,कृषि फर्महरु लगायत सम्पूर्ण कृषकहरुमा आफ्नो खेत र बारीको माटोमा रहेको खाद्यतत्वको मात्रा (नाईट्रोजन,फस्फोरस, पोटास) साथै पि.एच मान (अम्लिय, तटस्थ, क्षारीय) मात्रा थाहा पाउन ईच्छुक सम्पूर्णलाई माटोको नमूना यथाशीघ्र कृषि विकास शाखामा दर्ता गराउन र माटो परीक्षण शिविरमा सहभागी हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरीएको छ ।

**स्थान**: याङवरक गाउँपालिकाको नवनिर्मित प्रशासनीक कार्यालय भवन परिसर

**मिति**: २०८०/१२/२७ गते ,मंगलबार

**समय**: बिहान ११ बजे

**नोट**: माटोको नमुना परीक्षण पश्चात आवश्यकता र उपलब्धता भए बमोजिम गाउँपालिकाको आ.व. २०८०/०८१ को स्विकृत बार्षिक कार्यक्रमबाट ८५% अनुदानमा कृषि चुन वितरण गरिनेछ ।

**माटोको नमुना परीक्षण गर्न पठाउँदा आधा(०.५) के.जी. को परिमाणमा निम्न अनुसारको विवरण उल्लेख गरी पठाउनु पर्नेछ ।**

१.कृषकको नामः

२.ठेगानाः सम्पर्क नंः

३.खेतको कि.नः

४.पहिला लगाएको बालीको नामः

५.पछि लगाउने बालीको नामः

६.प्राङ्गारीक मलको प्रयोग कतिः

७.रसायनिक मलको प्रयोग कतिः

८. पानीको निकाश राम्रो/नराम्रोः

९.सिंचाई सुविधा भए नभएकोः

पुनश्चः यसै सूचना साथ संलग्न लिफलेट बमोजिम माटो नमुना संकलन गर्नुहुन अनुरोध छ ।

.............................

मदन के.सी.

नि. प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय


# माटो तथा मल परिक्षण प्रयोगशाला


झुम्का, सुनसरी
प्रदेश नं. १

# माटोको नमूना संकलन गर्ने तरिका

## अन्न तथा तरकारी बालीका लागि


एकै प्रकारको माटो (जस्तै रङ्ग, बनावट, भिरालो पना आदि) भएको जमिनबाट १ वटा नमूना तयार पार्ने।





एउटा माटोको नमूना तयार गर्न १ रोपनीबाट कम्तीमा ५/६ ठाउँबाट माटोको नमूना लिनु पर्दछ।

प्रत्येक ठाउँमा १५ देखि २० से.मि. गहिरो 'V' आकारको खाल्डोको एक भित्ताबाट माथि देखि तल सम्म एउटै मोटाइको माटोको नमूना लिने।









सबै खाल्डो बाट संकलित माटोको नमूनालाई एकै ठाउँमा जम्मा गरेर राम्रोसँग मिसाउने।

यसरी जम्मा गरेको माटोबाट ढुङ्गा, झारपात जस्ता अनावश्यक चिजहरूलाई हटाई ४ बराबर भागमा बाँडी आमने सामनेको २ भाग हटाउने।







बाँकि रहेको २ भाग माटोलाई फेरी राम्रोसँग मिसाएर पुनः ४ भाग लगाई २ भाग राखि २ भाग हटाउने। यो क्रम माटोका नमूना करिब १/२ के.जी. नभएसम्म दोहोर्‍याउने। आधा के.जी माटोलाई उल्लेखित विवरण लेखि प्रयोगशालामा पठाउने।

## फलफूल बालीको लागि


फरक किसिमका माटो (जस्तै रङ्ग, बनावट, भिरालोपना आदि) भएको जमिनबाट छुट्टा छुट्टै नमूना तयार पार्ने।






छनोट गरिएको जमिनबाट १ रोपनीबाट कम्तिमा एक वटा ३ फिट गहिराईको खाडल खन्ने। माटोको नमूना लिने खाडलको एक तर्फको भित्तामा माथिबाट तल तर्फ १, २, र ३ फिट गहिराईमा चिनो लगाउने।

चिनो लगाएको भित्ताबाट छुट्टा छुट्टै भाडामा ०-१, १-२ र २-३ फिटसम्मको माटोको नमूना संकलन गर्ने।




यसरी छुट्टा छुट्टै संकलन गरेको माटो प्रत्येकलाई छुट्टा-छुट्टै ४ भाग लगाई आमने सामनेको २ भाग हटाई २ भाग बाँकि राख्ने र यो क्रम माटो १/२ के.जी. नभएसम्म दोहोर्‍याउने।




यसरी तयार गरेको माटोलाई सफा प्लाष्टिकको थैलोमा राखि कृषकको नाम, ठेगाना, खेतको विवरण जमिनका गहिराई खुलाई नजिकको माटो परिक्षण प्रयोगशालामा लैजाने।

**माटोको नमूना परिक्षण गर्न पठाउँदा निम्न अनुसारको विवरण हुनु पर्छ।**

नाम : ..................................................
ठेगाना : ..................................................
खेतको नाम वा कि.नं. : ..................................................
लगाउने बाली : ..................................................
सिंचीत वा असिंचीत जग्गा : ..................................................